# बनेपा नगरपालिका

## स्थानीय राजपत्र

खण्डः ७ संख्याः ११ मितिः २०८१।०८।०९

# भाग-२

बनेपा नगरपालिका

## घ बर्गको निर्माण व्यवसायी कार्यविधी, २०८० को संशोधन-२०८१

कार्यपालिकाबाट स्वीकृत मितिः २०८१।०७।२६

प्रमाणिकरण मितिः २०८१।०८।०९

# घ बर्गको निर्माण व्यवसायी कार्यविधी, २०८० को संशोधन-२०८१

**कार्यपालिकाबाट स्वीकृत मिति: २०८१।०७।२६**

बनेपा नगरपालिका नगरपालिकाको "घ" बर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधी, २०७४ लाई संशोधन गर्न वान्छनीय भएकोले बनेपा नगरपालिकाको प्रशासकीय कार्यविधी (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी बनेपा नगरपालिका नगर कार्यपालिकाले देहायका कार्यविधी बनाएको छ ।

(१) **संक्षिप्त नाम र प्रारम्भः**

यो कार्यबिधीको नाम घ बर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धि कार्यविधी, २०७४ को (पहिलो संशोधन २०८१) रहेको छ ।

(२) यो कार्यविधी बनेपा नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि प्रारम्भ हुनेछ ।

(३) बनेपा नगरपालिकाको "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधी २०७४ को दफा ४ (३) पछि निम्न अनुसारको दफा (४) (३) (क) थप गर्ने ।

दफा ४ (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि यो दफा प्रारम्भ भएको मितिले एक पटकका लागि देहाय बमोजिम हुनेछ ।

(क) यो कार्यविधी प्रारम्भ भएपछि नविकरण नभएको इजाजत पत्र एक पटकको लागि नविकरण गर्ने ।

(ख) देहाय (क) बमोजिम नविकरण गर्नका लागि यो कार्यविधी प्रारम्भ भएका मितिले तिन महिना भित्र नविकरणका लागि आवेदन गरेको हुनुपर्ने ।

(ग) देहाय (क) र (ख) बमोजिमको म्याद भित्र नविकरणका लागि आवेदन गर्ने आवेदकले यस कार्यविधीमा तोकिए बमोजिमका अन्य शर्त पूरा गरी नविकरणका लागि विलम्ब भएको प्रतिबर्ष रू बाह्र हजारका दरले



हुन आउने विलम्ब शुल्क र तोकिए बमोजिम व्यावसाय कर समेत भुक्तान गरेमा प्रमुख प्रशासकीय अधिकृतले इजाजतपत्र नविकरण गरिदिन सक्नेछ । विलम्ब भएमा प्रत्येक बर्ष रू १२००० । अक्षेरेपी रू बाह्र हजार लाग्नेछ ।

(४) **अनुसूची २ मा संशोधन** :

अनुसूची २ को क्र.सं. १ मा संशोधन

**इजाजत पत्र दस्तुर** : रू. ३,०००। भएकोमा आर्थिक ऐनमा व्यवस्था भए अनुसार भनी संशोधन गरिएको ।

**इजाजत नविकरण दस्तुर**: रू. ३,०००। भएकोमा आर्थिक ऐनमा व्यवस्था भए अनुसार भनी संशोधन गरिएको ।

**इजाजत नविकरण इजाजत थप दस्तुर**: रू. ६,०००। भएकोमा आर्थिक ऐनमा व्यवस्था भए अनुसार भनी संशोधन गरिएको ।

**इजाजत पत्र प्रतिलिपी दस्तुर**: रू. ५,००। भएकोमा आर्थिक ऐनमा व्यवस्था भए अनुसार भनी संशोधन गरिएको ।

(५) **अनुसूची २ मा संशोधन** :

अनुसूची २ को क्र.सं. १ पछि क्र.सं. २ थप गरी क्र.सं. २ को इजाजत पत्र नविकरण थप दस्तुरमा रू.१२,०००। (वाह्र हजार रूपैयां) भनी संशोधन गरिएको ।

(६) दफा (५) (३) मा उल्लेख भएको " दफा ३ को उपदफा (३) बमोजिमको म्याद भित्र नविकरण नभएको इजाजत पत्र स्वतः खारेज हुनेछ" भन्ने शव्दहरूको सट्टा "दफा ३ को उपदफा (३) बमोजिमको म्याद भित्र नविकरण नभएको इजाजतपत्र दफा (४) (३) (क) बमोजिम नविकरण नभएमा स्वतः खारेज हुनेछ" भनी संशोधन गरिएको छ ।

(७) दफा (५) (४) मा भएको उपदफा (१) वा (३) बमोजिम पछि "दफा (४) (३) (क) " थप गरिएको छ ।

**आज्ञाले,**
**पोषण लामिछाने**
**प्रमुख प्रशासकीय अधिकृत**